*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. VII, January 2026
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli, Nepal

**Article History**: ***Received:*** 30 June 2025; ***Reviewed:*** 30 November 2025; ***Accepted:*** 01 December 2025

# नेपाली भाषा शिक्षणमा अन्तरक्रियासम्बन्धी शिक्षकको अनुभव

**दिलबहादुर परियार**
सौंठा बहुमुखी क्याम्पस
ORCiD: https://orcid.org/0009-0002-5226-7527
Email: priyadilsir@gmail.com
DOI: https://doi.org/10.3126/sij.v7i1.92561

**सार**

भाषाशिक्षण भाषिक सिपहरूको शिक्षण हो । यसलाई भाषा सिकाइको योजनाबद्ध तथा व्यवस्थित कार्यक्रम मानिन्छ । विद्यालय विद्यार्थीहरूको शैक्षिक र सामाजिक पृष्ठभूमि, अनुभव, ज्ञान र अपेक्षाहरू ख्याल गरेर विभिन्न विषयमा अन्तरक्रिया गर्ने ठाउँ हो । यसले भाषा सिकाइलाई सहज तथा प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ । कक्षाकोठामा हुने अन्तरक्रियात्मक कार्यकलापसम्बन्धी अध्ययनका लागि यो अनुसन्धानको विषय सम्बन्धित गरिएको छ । यस अध्ययनमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकको कक्षा अन्तरक्रियासम्बन्धी अनुभव पहिचान गर्ने उद्देश्य राखिएको छ । लेख गुणात्मक ढाँचालाई अनुसरण गरी तयार पारिएको छ । यस अध्ययनका लागि मोरङ जिल्लाको रतुवामाई नगरपालिकाका माध्यमिक विद्यालयलाई अध्ययनको क्षेत्र बनाइएको छ । उक्त पालिकामा माध्यमिक तहमा शिक्षण गर्ने पाँच जना शिक्षकसँग अन्तर्वार्ता लिई उनीहरूको अनुभवलाई समेटिएको छ । अन्तर्वार्तालाई रेकर्डिङ गरी लेख्य स्वरूपमा राखेर तिनै आधारमा थिम निर्माण गरिएको छ र तिनै थिमको व्याख्या गरिएको छ । साथै विभिन्न लेख, अध्ययनलाई आधार मानेर द्वितीय स्रोतका सामग्री समेतको प्रयोग गरिएको छ । कक्षाकोठामा हुने प्रभावकारी अन्तरक्रियाले विद्यार्थीको संलग्नता, प्रेरणा र समझलाई बढावा दिन्छ र यसले शैक्षिक रणनीतिहरू तयार गरी सिकाइ परिणाम सुधार गर्न सहयोग पुग्ने निष्कर्ष निकालिएको छ ।

***शब्दकुन्जी* :** अन्तरक्रिया, सामाजिक सांस्कृतिक सन्दर्भ, विद्यार्थी सहभागिता, भाषाशिक्षण, प्रभावकारिता ।

## परिचय

दुई वा दुईभन्दा बढी व्यक्ति वा पक्षका बिचमा हुने आपसी कुराकानी, पारस्परिक वार्तालापलाई नै अन्तरक्रिया मानिएको छ । कक्षाकोठाको शिक्षणलाई प्रभावकारी बनाउन शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबिचमा अन्तरक्रिया हुन्छ । डोमालेव्स्का (सन् २०१५) का अनुसार सफल भाषा सिकाइ कक्षाकोठाको अन्तरक्रियामा निर्भर हुन्छ र यसले विद्यार्थीहरूलाई विषयवस्तुसँग सक्रिय रूपमा संलग्न हुन, प्रश्नहरू सोध्न,

*Copyright 2026 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.*

स्पष्टीकरण खोज्न र व्यक्तिगत प्रतिक्रिया प्राप्त गर्न माध्यमको रूपमा कार्य गरेको हुन्छ । विद्यार्थीहरूलाई अन्तरक्रियामा सहभागी गराउनु भनेको उनीहरूलाई अध्ययनमा आवश्यक पर्ने ज्ञान, सिप, मनोवृत्ति, कार्य सम्पादनजस्ता पक्षलाई ख्याल गर्नु हो । एलिस (सन् १९९०), ब्राउन (सन् २०१५) ले अन्तरक्रियाको माध्यमबाट खास गरी दोस्रो भाषा सिक्न र शिक्षण गर्न सहज हुने भएकाले कक्षा अन्तरक्रियालाई प्रमुखताका साथ प्रस्तुत गर्नुपर्ने कुरामा जोड दिएका छन् । उनीहरूले विविध भाषाभाषी, धर्मावलम्वी, फरक समुदाय तथा पृष्ठभूमिका विद्यार्थीका बिचमा शिक्षण गर्दा उनीहरूको मनोभावना बुझेर कक्षा शिक्षणका समयमा अन्तरक्रिया गर्न सके शिक्षण प्रभावकारी हुने बताएका छन् । अलराइट (सन् १९८४) का अनुसार यदि कक्षाकोठामा अन्तरक्रियामार्फत् विद्यार्थीले आफ्ना विचारहरू व्यक्त गरिरहेका छन् भने विद्यार्थीहरूको प्रतिक्रिया राम्रो देखिएको छ र उनीहरूले शिक्षकको भूमिकालाई सम्मानका साथ लिएका छन् भन्ने बुझिन्छ । शिक्षक तथा विद्यार्थीले आफ्ना अनुभव साझा गर्दा विषयवस्तु बुझ्न र विद्यार्थीलाई सिक्न पनि सहज हुन्छ । कक्षामा हुने अन्तरक्रियामा आफ्ना बुझाइ, अपेक्षा, सहयोग, आत्मीयता आदि प्रकट हुने भएकाले यसले सिकाइलाई दिगो बनाउँछ (कुम्पुलाइनेन एन्ड रे, सन् २००२) । शिक्षणका क्रममा शिक्षकले विद्यालयमा औपचारिकताका क्रियाकलापहरू गृहकार्य, परियोजना कार्यमा मात्र सीमित गर्ने, विद्यार्थी अन्तरक्रियालाई बेवास्ता गर्ने, व्यक्तिगत सिकाइ र प्रतिस्पर्धालाई मात्रै जोड दिने, विद्यार्थीको तनाव तथा द्वन्द्व समाधानमा ध्यान नदिने, विद्यार्थीलाई अपेक्षित लक्ष्य हासिल गर्न दवाब दिने, विद्यार्थीसँग प्रजातान्त्रिक तथा मैत्रीपूर्ण व्यवहार नगर्ने, विद्यार्थीका सही व्यवहारलाई समर्थन तथा गलत व्यवहारको पृष्ठपोषण नदिने, विद्यार्थीको तनाव तथा द्वन्द्व समाधानमा ध्यान नदिने आदिजस्ता कारणले शिक्षण सिकाइ उद्देश्यमूलक तथा उपलब्धिमूलक बन्न सक्दैन । जोन्सन (सन् २०००) का अनुसार शिक्षण र सिकाइ शिक्षक र विद्यार्थीहरूको साझा बुझाइ बिचको अन्तरक्रियात्मक प्रक्रिया हो । शिक्षकहरूले भन्ने र गर्ने कुरालाई विद्यार्थीले कसरी व्याख्या गर्छन् भन्ने कुराले पनि कक्षाकोठा सञ्चारको ढाँचालाई आकार दिन्छ । कक्षाको अन्तरक्रियाले शिक्षक र विद्यार्थीका विचारलाई जोड्ने काम गरेको हुन्छ । यसले शिक्षक तथा विद्यार्थीलाई एकआपसमा विचारको आदानप्रदान गर्न मद्दत गर्छ । साथै आपसमा भएको छलफल बुझ्न, प्रस्ट्याउन र आत्मविश्वासको विकास गर्न पनि सहयोग गरेको हुन्छ । नैमा (सन् २०१७) ले अन्तरक्रियालाई शिक्षक र विद्यार्थीलाई जोड्ने एउटा पुलका रूपमा चर्चा गरेको पाइन्छ । उनको बुझाइमा अन्तरक्रियात्मक कक्षा तथा छलफलले विषयवस्तुलाई प्रष्ट्याउन, अभिव्यक्त गर्न र विद्यार्थीको आत्मविश्वास तथा व्याख्यान सिपको विकासमा सहयोग गर्दछ । मनको भावना बुझ्ने, विद्यार्थीको विचारलाई सम्मान गर्ने अवस्था कक्षाकोठामा सिर्जना गर्न सके कक्षामा रुचिपूर्ण अवस्थाको सिर्जना हुन्छ र कक्षाको अन्तरक्रिया पनि रोचक हुन्छ । यसले शिक्षक र विद्यार्थी दुवैलाई फाइदा हुन्छ । त्यसैले कक्षाकोठामा शिक्षक विद्यार्थी अन्तरक्रिया महत्वपूर्ण छ ।

भिगोत्स्की (सन् १९७८) का अनुसार सिकाइ सामाजिक अन्तरक्रियाबाट उत्पन्न हुन्छ । विद्यार्थीले जेटपिडी (जोन अफ प्रोक्मिल डेभपलपमेन्ड) भित्र जानकार व्यक्तिको सहयोगमा सिकाइ कार्य सम्पन्न गर्दछन् । कक्षामा शिक्षकले संवाद, सहकार्यद्वारा विद्यार्थीको संज्ञानात्मक र भाषिक विकासमा सहजीकरणको भूमिका निर्वाह गर्दछन् । ब्रुनर (सन् १९८३) ले भिगोत्स्कीका विचारहरूलाई विस्तार गर्दै अस्थायी सहयोग प्रदान गर्ने स्केप फोल्डिङको अवधारणा प्रस्तुत गरेका छन् । शिक्षकले विद्यार्थीलाई उनीहरूको क्षमताअनुसार सहयोग गर्नुपर्छ र आवश्यकताअनुसार सहयोग घटाउँदै लैजानुपर्छ भनेका छन् । उनले प्रभावकारी स्केप फोल्डिङमा उदाहरण, सङ्केत तथा प्रश्नहरूको प्रयोग गर्नुपर्ने कुरालाई जोड दिएका छन् । त्यस्तै लङ (सन् १९९६) को अन्तरक्रिया परिकल्पनाले भाषा वार्तालापका क्रममा सहज हुने बताएका छन् । स्पष्टीकरण, पुर्नव्याख्या तथा सुधारको अभ्यासले सिकाइ प्रक्रियामा प्रभाव पार्ने कुरा गरेका छन् ।

यस अध्ययनमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकको कक्षा अन्तरक्रियासम्बन्धी अनुभव पहिचान गर्ने उद्देश्य राखिएको छ ।

## सम्बद्ध कार्यको पुनरावलोकन

जोन्सन (सन् २०१६) ले कक्षाको अन्तरक्रियाले विद्यार्थीको सामाजिकीरणको विकास, सिकाइ उपलब्धि र उत्पादकत्व, शारीरिक एवम् संज्ञानात्मक विकासमा सहयोग गर्ने कुरा गरेका छन् । उनले अन्य किसिमका अन्तरक्रियाका मोडलभन्दा विद्यार्थी विद्यार्थी बिचको सहयोगात्मक अन्तरक्रियाको ढाँचा सबैभन्दा उत्तम र प्रभावकारी हुने मानेका छन् । शिक्षकको सहयोगी भूमिकालाई जोन्सनले सामाजिक तथा सांस्कृतिक दृष्टिकोणबाट स्पष्ट गरेका छन् । उनले सहयोग गर्नुपर्छ मात्र नभनी कसरी सहयोग गर्न सकिन्छ भन्ने पक्षमा ख्याल गर्नुपर्ने विचार दिएका छन् । विशेषतः शिक्षकले विद्यार्थीसँग सहकार्यात्मक संवाद स्थापना गरी सन्दर्भअनुसार प्रश्न, सङ्केत र सुझावमार्फत् उनीहरूको संलग्नता र भाषा विकासमा सहयोग पुऱ्याउने देखिन्छ । शिक्षणमा अन्तरक्रिया सिद्धान्तका प्रतिपादक माइकल लङ हुन् । उनले दोस्रो भाषा अधिग्रहणमा अर्थको समन्वय (मिनिङ नेगोटिएसन) र अन्तरक्रियात्मक समायोजन (इन्स्टक्सनल एजस्टमेन्ट) लाई महत्वपूर्ण मानेका छन् । लङको अन्तरक्रिया परिकल्पनामा आधारित रूपमा जोड (फोकस अन फम) दृष्टिकोणलाई रड एलिस लगायतका अनुसन्धानकर्ताहरूले विस्तार गर्दै कक्षामा सम्प्रेषणीय कार्य गराउन विद्यार्थीको आवश्यकताअनुसार भाषिक रूपमाथि ध्यान दिनुपर्ने बताएका छन् । यसले भाषा सिकाइ प्रक्रियालाई सन्दर्भयुक्त र प्रभावकारी बनाउँछ । शिक्षकले प्रश्न गर्दा विद्यार्थीले ठिकसँग नबुझेमा, शिक्षकले सोधपुछ, व्याख्या, पुर्नव्याख्या वा सङ्केत मार्फत संवादलाई स्पष्ट बनाउने प्रक्रिया नै अर्थको समन्वय ( मिनिङ नेगोटिएसन) मानिएको छ। ब्राउन र ली (सन् २०१५) ले अन्तरक्रियालाई दुई वा सोभन्दा बढी व्यक्तिहरू बिचको विचार, भावना वा अनुभवहरूको सहयोगात्मक आदान प्रदानको प्रक्रिया मानेका छन् (पृ.२५९) । यसमा अर्थपूर्ण संलग्नता, सन्दर्भमा आधारित भाषाको प्रयोग, वार्तालापको सहकार्य, प्रस्ट पार्ने प्रयास, सामाजिक सम्बन्धको विकासजस्ता पक्षमा जोड दिएका छन् । वाल्स (सन् २०११) ले कक्षामा संवादकै माध्यमबाट भाषा सिकाइ प्रभावकारी हुने बताएका छन् । उनका भनाइमा शिक्षकले विद्यार्थीसँग संवाद गर्नुपर्छ, विद्यार्थीलाई उत्तर दिन पर्याप्त समय दिँदा नै संवादको गुणस्तरमा सुधार आउँछ । त्यसैले कक्षामा संवादका माध्यमबाट विद्यार्थीको सक्रिय संलग्नता बढाउनुपर्छ । विद्यार्थीलाई बोल्ने, सोच्ने र प्रश्न गर्ने अवसर दिने खालको वातावरण कक्षामा निर्माण गर्नुपर्छ । मचर एन्ड दावेश (सन् २०१४) ले शिक्षक र विद्यार्थी बिचको संवादलाई भाषा अधिग्रहणको आधार मानेका छन् । त्यसैगरी नेपाली सन्दर्भमा, आचार्य (२०८१) ले नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तरक्रिया विषयमा विद्यावारिधि गरेका छन् । नेपाली भाषा शिक्षण सिकाइमा अपनाइएका अन्तरक्रियाका ढाँचा र प्रवृत्तिको पहिचान गर्ने, अन्तरक्रियाप्रतिको शिक्षक विद्यार्थी दृष्टिकोण, सान्दर्भिकता निरूपण र अन्तरक्रियाका प्रभावकारी उपाय विश्लेषण गरिएको छ । प्रभावकारी अन्तरक्रियाका लागि शिक्षकहरूमा अन्तरक्रियाको सैद्धान्तिक तथा व्यावहारिक ज्ञान आवश्यक छ । भाषिक सिप सिकाइसापेक्ष अन्तरक्रिया, शिक्षक विद्यार्थीका सकारात्मक व्यवहार, समयको अधिकतम उपयोग, कमजोर र लज्जालु विद्यार्थीलाई अतिरिक्त अवसर तथा कार्यपश्चात् पृष्ठपोषण, शिक्षक तथा जान्ने साथीहरूबाट सहयोग, विद्यार्थी सन्तुष्टि, अभ्यासका क्रममा भाषिक सिर्जनशीलतामा जोड दिइनुपर्छ । यसक्रममा विद्यार्थीका सामाजिक, सांस्कृतिक, पारिवारिक तथा आर्थिक पृष्ठभूमिले निर्माण गरेको व्यक्तित्व र मनोवैज्ञानिक पक्षमा स्पष्ट भई सोहीअनुसार भाषिक व्यवहार तथा तिनको व्यवस्थापन गरिनुपर्छ भनिएको छ । भिगोत्स्की (सन् १९७८) को सामाजिक सांस्कृतिक सिद्धान्तमा पनि व्यक्तित्व विकासको आधार सामाजिक अन्तरक्रिया र मध्यस्थ सिकाइमा राखिएको छ । विद्यार्थीले शिक्षक वा साथीसँग संवादमार्फत् भाषा र विचार अभिव्यक्त गर्दा उनीहरूको संज्ञानात्मक विकाससँगै सामाजिक पहिचान पनि बलियो बन्छ । यसले आत्मनिर्भर, संवेदनशील र उत्तरदायी नागरिक बन्ने आधार तयार गर्छ । यसरी हेर्दा, बिगतमा गरिएका अध्ययनहरूले कक्षा अन्तरक्रियाको महत्वलाई पुष्टि गरेका छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन शिक्षकको अन्तरक्रिया सम्बन्धी अनुभवको पहिचान गर्ने कार्यमा केन्द्रित रहेको छ । त्यसैले यस अध्ययका लागि गुणात्मक अनुसन्धान पद्धतिलाई अपनाएको छ । गुणात्मक अनुसन्धानले व्यक्ति, घटना वा प्रक्रियाको गहिरो बुझाइ र व्याख्यामा जोड दन्छ । यो विधि छनोट गर्नुको मुख्य कारण भनेको शिक्षकहरूको व्यक्तिगत अनुभव, भावना र विचारलाई गहन रूपमा केलाउनु नै हो । यसका लागि उद्देश्यमूलक नमुना छनोट गरिएको छ । शिक्षण अनुभव र कक्षा अन्तरक्रियाका विभिन्न पक्षबारे जानकारी दिन सक्ने सामुदायिक विद्यालयमा कम्तीमा पाँच वर्षदेखि नेपाली विषयको शिक्षण गर्दै आएका शिक्षकहरूलाई सहभागीका रूपमा लिइएको छ । यसको अध्ययन क्षेत्र मोरङ जिल्लाको रतुवामाई नगरपालिका रहेको छ । यस पालिका क्षेत्रभित्र दसओटा वडा रहेका छन् । तीमध्ये वडा न. १, ५, ६, ८ र १० मा रहेका ५ ओटा माध्यमिक विद्यालय र सोही विद्यालयमा अध्यापनरत शिक्षकका भनाइलाई आधार बनाइएको छ । यसमा घटना अध्ययन प्रक्रियाको ढाँचालाई अपनाई माध्यमिक तहमा नेपाली शिक्षण गर्ने पाँच जना शिक्षकसँग अन्तर्वार्तामार्फत् उनीहरूका अनुभव सङ्कलन गरिएको छ । शिक्षकलाई शिक्षक क, ख, ग', घ र ङ गरी सङ्केत गरिएको छ । अर्ध संरचित मार्गदर्शक प्रश्नावलीको प्रयोग गरी अन्तर्वार्ताका माध्यमबाट शिक्षकसँग २०–२५ मिनेटको समयमा विवरण सङ्कलन गरिएको छ । सहभागीलाई आफ्ना विचार स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर दिइएको छ । सहभागीको अनुमति लिएर गोपनीयता समेत कायम गरी अन्तर्वार्तालाई रेकर्ड गरिएको छ । प्राप्त रेकर्डलाई ध्यानपूर्वक सुनेर लिखित स्वरूप दिइएको छ । यसमा विषयवस्तु (थिम) विश्लेषण गरिएको छ । लिखित रूपमा प्राप्त कुराकानीमा रहेको मुख्य विचार (थिम) लाई आधार मानी अन्तरक्रिया सम्बन्धी अध्ययनलाई शिक्षकको अनुभवसँग सम्बद्ध गरिएको छ । साथै प्राप्त नतिजालाई विभिन्न पूर्व अध्येताका विचार तथा सिद्धान्तसँग तुलना गरी विश्लेषण गरिएको छ ।

## परिणाम र छलफल

प्रस्तुत लेखमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकको कक्षा अन्तरक्रियाको प्रयोगसम्बन्धी अनुभवलाई विषयगत रूपमा सार (थिम) निकाली विश्लेषण गरिएको छ :

### अन्तरक्रियाप्रतिको बुझाइ

कक्षाकोठाको अन्तरक्रियासम्बन्धी प्रश्नमा अन्तर्वार्तामा सामेल भएका शिक्षकहरूले सिकाइका लागि कक्षाको अन्तरक्रियालाई आवश्यक मानेका छन् । शिक्षकले कक्षाकोठाको अन्तरक्रियालाई सिकाइ अनुभवहरू आदानप्रदान गर्ने प्रक्रियाका रूपमा बुझेका छन् र यसलाई कक्षामा प्रयोग गर्ने गरेको बताएका छन् । अन्तर्वार्तामा सहभागी शिक्षक क ले भने, 'कक्षामा गरिने संवाद, छलफल, प्रश्नोत्तर आदि अन्तरक्रिया हो ।' शिक्षक क का भनाइमा कक्षामा कुनै पाठमा केन्द्रित भएर गरिने कुराकानी, छलफल, प्रश्नोत्तरजस्ता कार्यलाई कक्षाको अन्तरक्रियाका रूपमा बुझिएको छ । सहभागी शिक्षक ख ले 'अन्तरक्रिया एक आपसमा छलफल गर्ने, एक आपसमा संवाद गर्ने, प्रश्नोत्तर गर्ने, समस्या समाधान गर्ने, एकले जानेका कुरा अरूलाई सिकाउने र कमी भएका कुरा अरूबाट सिक्ने प्रक्रिया' भनेका छन् । यस भनाइले विचारको आदानप्रदान गर्ने कक्षाको अन्तरक्रियात्मक अवस्थालाई बुझाएको छ, जसले शिक्षक विद्यार्थी र विद्यार्थी विद्यार्थी प्रश्नोत्तर, संवाद गरेर सिकाइ गर्ने प्रक्रियालाई सङ्केत गरेको छ । शिक्षक ग काअनुसार 'कक्षाकोठाको अन्तरक्रिया भन्नाले विद्यार्थी शिक्षक अथवा आवश्यकताअनुसार विद्यार्थी विद्यार्थी छलफल तथा परामर्श' हो । शिक्षक ग का बुझाइमा छलफल तथा परामर्श नै कक्षाको अन्तरक्रिया हो । शिक्षक घ ले भने, 'विद्यार्थीहरूबिचमा ससाना समूह बनाएर ती समूहका विद्यार्थीका बिचमा कुनै पनि शीर्षकमा आधारित भएर छलफल गरी निर्णयमा पुग्ने कार्य अन्तरक्रिया हो भन्ने लाग्छ ।' शिक्षक घ ले समूह कार्य तथा छलफललाई कक्षाको अन्तरक्रियाका रूपमा बुझेका छन् । उनले विद्यार्थीलाई समूहमा विभाजन गरी कुनै विषय वा पाठमा गरिने छलफल र निष्कर्ष निकाल्ने प्रक्रियाका रूपमा अन्तरक्रियासम्बन्धी धारणा व्यक्त गरेका छन् । त्यसैगरी अन्तर्वार्तामा सहभागी

शिक्षक ङ ले भने, 'कुनै खास विषयवस्तुमा गरिने छलफल, अभ्यास तथा पुनरावृत्तिलाई अन्तरक्रियाको रूपमा बुझेको छु ।' शिक्षक ङ का विचारमा कुनै खास विषयमा गरिने छलफल, अभ्यास तथा पुनरावृत्तिलाई कक्षाको अन्तरक्रियाका रूपमा लिनुपर्दछ ।

कक्षामा हुने अन्तरक्रियाका सन्दर्भमा शिक्षकहरूले विषयवस्तुमा हुने छलफल, संवाद तथा प्रश्नोत्तरलाई जोड दिएका छन् । शिक्षकहरूको बुझाइमा कक्षाको अन्तरक्रियाले विचार आदान प्रदान गर्ने कुराकानी, संवाद, प्रश्नोत्तर गर्नेजस्ता कार्यलाई बुझाउँछ । शिक्षकहरूले अन्तरक्रियालाई कक्षा शिक्षणको केन्द्रमा राखेका छन् । उनीहरूले अन्तरक्रियालाई केवल शिक्षक विद्यार्थीको संवाद मात्र नभई विद्यार्थी विद्यार्थीको छलफल, समस्या समाधान, परामर्श तथा सहकार्यको प्रक्रिया पनि मानेका छन् । शिक्षक क ले कक्षामा गरिने छलफल र प्रश्नोत्तरलाई अन्तरक्रिया मानेका छन् । शिक्षकको यो कुरा ब्राउन र ली (सन् २०१५) को "अन्तरक्रिया दुई वा दुईभन्दा बढी व्यक्तिका बिचको विचार, भावना र अनुभवको सहयोगात्मक आदानप्रदान हो" भन्ने मान्यतासँग मेल खाएको देखिन्छ । कक्षाको अन्तरक्रियाले एकअर्काका विचार तथा भावनालाई प्रस्तुत गर्ने कार्य, अवस्था र प्रक्रियालाई बुझाएको छ । यसले अन्तरक्रियामा अर्थपूर्ण संलग्नता, सन्दर्भमा आधारित भाषाको प्रयोग र सामाजिक सम्बन्धको विकास जस्ता पक्षमा जोड दिएको छ । शिक्षक ख र ग का भनाइले विद्यार्थी विद्यार्थीबिचको अन्तरक्रियाको महत्व देखाउँछ । जसलाई जोन्सन ( सन् २०१६) ले विशेष जोड दिएका छन् । उनले विद्यार्थी विद्यार्थी अन्तरक्रियालाई सामाजिकीकरण, संज्ञानात्मक विकास तथा भाषिक उपलब्धिमा सहयोग पुऱ्याउने सहयोगात्मक संरचना (कोलाबोरेटिभ स्टक्सचर) मानेका छन् । त्यस्तै, शिक्षक घ र ङ ले समूह कार्य तथा कुनै विषयमा आधारित छलफललाई अन्तरक्रिया मानेका छन् । वाल्स (सन् २०११) ले कक्षा संवादको गुणस्तर सुधारका लागि शिक्षकले विद्यार्थीलाई उत्तर दिन समय दिनु, खुला प्रश्नको प्रयोग गर्नु सान्दर्भिक हुने बताएका छन् । यसमा शिक्षकहरूको मत मिलेको छ । छलफल, अभ्यास तथा पुनरावृत्ति, प्रश्न रखाई र तिनको सम्बोधन आदिले कक्षाको अन्तरक्रियालाई प्रोत्साहन दिन्छ । भिगोत्स्की (सन् १९७८) ले सिकाइ सामाजिक प्रक्रिया भएको बताएका छन् । विद्यार्थीले जोन अफ प्रोक्सिमल डेभलपमेन्ड (जेटपिडी) भित्र जानकार व्यक्ति वा सहपाठीको सहयोगमा सिक्ने गर्दछन् । वास्तवमा कक्षामा हुने अन्तरक्रिया नै सामाजिक माध्यम हो । जसले विद्यार्थीलाई नयाँ ज्ञान हासिल गर्न सहयोग गर्छ । त्यसैगरी ब्रुनरको स्केफोल्डिङ अवधारणाले पनि अन्तरक्रियालाई अस्थायी सहयोगको माध्यम मानेको छ । जहाँ साङ्केतिक साहारा, उदाहरण वा प्रश्न, उत्तरमार्फत् सिकाइका लागि सहायता प्राप्त हुन्छ । यसरी अन्तर्वार्ताबाट आएको तथ्य कक्षाको अन्तरक्रिया तथा अन्तरक्रियात्मक व्यवहारहरूसम्बन्धी जोन्सन, ब्राउन र ली, वाल्स, भिगोत्स्की, ब्रुनर जस्ता पूर्व अध्येताका निष्कर्ष तथा सिद्धान्तका विचारसँग मेल खान्छन् ।

अन्तरक्रियालाई शिक्षक विद्यार्थीका बिच हुने भाषिक व्यवहार, शिक्षण कार्यकलाप, सिकाइको आधार, एकआपसमा विचार, अनुभूति र ज्ञानसिप आदानप्रदान, कक्षा सञ्चार प्रणाली, सहपाठीको सहयोग, सामूहिक अभ्यास र सिकाइको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने माध्यमका रूपमा प्रस्तुत गर्न सकिन्छ । कक्षाको अन्तरक्रियाले विद्यार्थीहरूमा सिकाइ अनुभवहरू आदानप्रदान गर्ने भएकाले यस्ता विधि तथा क्रियाकलापलाई कक्षामा प्रयोग गर्न सके सिकाइ प्रभावकारी हुन्छ ।

**कक्षाको अन्तरक्रियात्मक अभ्यास**

नेपाली भाषा शिक्षण सिकाइका क्रममा शिक्षकले छलफल, संवाद, कुराकानी, प्रश्नोत्तरजस्ता विभिन्न किसिमका अन्तरक्रियाका उपायलाई कक्षामा अपनाएको शिक्षकहरूले बताएका छन् । यसै सन्दर्भमा शिक्षक क ले 'कक्षामा विद्यार्थीलाई प्रश्न गर्छौं, उनीहरूले जवाफ दिन्छन् । मैले चाहिँ कहिलेकाहीँ कक्षाकोठाभित्र विषयवस्तु, प्रसङ्ग र समयानुकूल मिलाएर छलफल गराउने गरेको छु' भन्ने विचार राखेका छन् । यस विचारअनुसार कक्षामा अन्तरक्रियात्मक विधिको प्रयोग गर्ने गरिन्छ तर सधैँजसो कक्षा अन्तरक्रियात्मक हुन

नसकेको कुरा प्रस्ट देखिन्छ । शिक्षक ख ले 'प्रश्नोत्तर, छलफल त सामान्यतया व्याकरणिक सिप सिकाउनका लागि तथा भाषिक सिप सिकाउनका लागि पनि गर्छौं । विद्यार्थीहरूको बुझाइ, धारणा परीक्षणका लागि प्रश्नोत्तर विधि, छलफल विधि प्रयोग हुन्छ' भनेका छन् । शिक्षक ग ले 'प्रश्नोत्तर वा समूह छलफल विधिको प्रयोग गर्छु । तर सधैँ चाहि छलफल विधि प्रयोग गर्न सम्भव हुँदैन । पाठको प्रकृतिअनुसार यसलाई उपयोग गर्ने गरिएको छ' भन्ने विचार राखेका छन् । शिक्षक घ काअनुसार 'पाठ शिक्षण गरिसकेपछि पाठबाट प्रश्नहरू निकालेर विद्यार्थीसँग प्रश्नोत्तर गरिन्छ । कुनै धारणा, सार वा निचोडमा पुग्नुपर्ने प्रश्न भएमा विद्यार्थीलाई छलफल गराइन्छ । छलफल समूहमा हुन्छ ।' शिक्षक घ ले प्रश्नोत्तर गराउने, छलफल गराउने, समूहमा कार्य गराउने प्रक्रिया अपनाइ अन्तरक्रियाको अभ्यास गर्ने गरेको बताएका छन् । त्यसैगरी शिक्षक ङ ले 'विद्यार्थीलाई विषयवस्तुको सरलीकरण गर्न, सामान्यीकरण गरी सिकाउन मूलतः प्रश्नोत्तर, सामूहिक छलफलका विधि प्रयोग गरिन्छ' भनेका छन् । यसरी अन्तर्वार्तामा सामेल भएका शिक्षकहरूले प्रश्नोत्तर, छलफल, संवादजस्ता अन्तरक्रियात्मक उपायहरू कक्षामा प्रयोग गर्ने गरेको बताएका छन् । शिक्षकहरूले विद्यार्थीलाई संवादमा ल्याउने प्रयास गरिरहेको बताएका छन् । शिक्षकहरूको कथनअनुसार उनीहरूले कक्षामा विद्यार्थीसँग अन्तरक्रिया गर्नका लागि प्रश्नोत्तर र छलफल विधि प्रयोग गर्ने गरेका छन् । उनीहरूले यसलाई विद्यार्थीको बुझाइ र धारणा निर्माणका लागि आवश्यक मानेका छन् । शिक्षकहरूले अन्तरक्रियाको लागि प्रयोग गरिने विधिहरू पाठको प्रकृति, समय र विषयवस्तुअनुसार परिवर्तन गर्ने गरेको बताएका छन् । शिक्षकहरूले प्रश्नोत्तर र छलफल विधि मात्र प्रयोग गर्ने गरेका छन् र अन्य विधिहरू (जस्तैः अभिनय, परियोजना कार्य) को प्रयोग कम भएको देखिन्छ । केही शिक्षकले सधैं छलफल विधि प्रयोग गर्न सम्भव नहुने व्यावहारिक चुनौती पनि व्यक्त गरेका छन् । वाल्स (सन् २०११) काअनुसार साना समूहमा गरिने छलफलले विद्यार्थीलाई सक्रिय बनाउँछ । ब्राउन र ली (सन् २०१५) ले भूमिका तथा अभिनय, वादविवाद र परियोजना कार्य जस्ता विद्यार्थीकेन्द्रित गतिविधिले उनीहरूको सञ्चार सिप र आलोचनात्मक सोचलाई बलियो बनाउँछ भनेका छन् । इलिस (सन् २००३) ले कार्यमा आधारित अन्तरक्रियात्मक गतिविधिले वास्तविक जीवनसँग जोडिएको भाषा प्रयोग गर्ने अवसर दिने बताएका छन् । जोन्सन (सन् २०१६) ले सहकार्यात्मक समस्या समाधानको अभ्यासले विद्यार्थीको सक्रियता र भाषा विकासमा सकारात्मक प्रभाव पार्ने कुरा उल्लेख गरेका छन् । शिक्षकको भनाइअनुसार प्रश्नोत्तर र छलफलले विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउँछ । यो वाल्स (सन् २०११) को निष्कर्षसँग मेल खाएको देखिन्छ । शिक्षकहरूले प्रश्नोत्तर र छलफललाई भाषिक सिप विकासको लागि प्रयोग गर्ने गरेको बताएका छन्, जसले ब्राउन र ली (सन् २०१५) को निष्कर्षलाई समर्थन गर्छ । शिक्षकहरूको अनुभवमा प्रश्न-उत्तर र छलफलबाहेक अन्य अन्तरक्रियात्मक विधिहरू (जस्तैः भूमिका निर्वाह, वादविवाद, परियोजना कार्य) को प्रयोग भएको देखिएन । यसले ब्राउन र ली (सन् २०१५) तथा इलिस (सन् २००३) को निष्कर्ष पूर्ण रूपमा लागू नभएको देखाउँछ । शिक्षकहरूको अन्तरक्रिया मुख्यतया पाठ्यपुस्तकमा आधारित छ । यसले इलिस (सन् २००३) ले भनेजस्तो वास्तविक जीवनसँग जोडिएको भाषा प्रयोग गर्ने अवसर कम भएको संकेत गर्छ । शिक्षकहरूले सामूहिक छलफलको प्रयोग गरे पनि यसको उद्देश्य विषयवस्तुको सरलीकरणमा मात्र सीमित भएको देखिन्छ । विद्यार्थीलाई सामूहिक रूपमा कुनै जटिल समस्याको समाधान खोज्न प्रोत्साहित गरेको स्पष्ट देखिँदैन, जसले जोन्सन (सन् २०१६) को निष्कर्ष लागू नभएको देखाउँछ । यसको मुख्य कारण शिक्षकहरूले व्यक्त गरेका व्यावहारिक चुनौतीहरू हुन् । समयको अभाव, पाठ्यक्रमको बोझ, ठूलो कक्षाकोठा र सायद अन्तरक्रियाका विविध विधिहरूबारे शिक्षकहरूलाई पर्याप्त ज्ञान वा तालिमको कमीले गर्दा यस्ता कुराहरू लागू हुन सकेका छैनन् । भिगोत्स्की (सन् १९७८) को सिद्धान्तअनुसार, सामाजिक अन्तरक्रिया मानवको संज्ञानात्मक विकासको लागि अपरिहार्य छ । उनले जोन अफ प्रोक्सिमल डेभलपमेन्ट अवधारणा दिएका छन् । यसको सार अनुभवी व्यक्ति (शिक्षक वा साथी) को सहयोगमा विद्यार्थीले एक्लै गर्न नसक्ने काम पनि गर्न सक्छन् । शिक्षकहरूको प्रश्नोत्तर र समूह छलफलको अभ्यास भिगोत्स्कीको सिद्धान्तसँग

मिल्दोजुल्दो छ । शिक्षकको मार्गदर्शन र विद्यार्थी-विद्यार्थी बिचको अन्तरक्रियाले उनीहरूको जोन अफ प्रोक्सिमल डेभलपमेन्ट भित्र रहेर सिकाइलाई अगाडि बढाउन मद्दत गर्छ ।

**विद्यार्थीको सहभागिता**

अन्तर्वार्तामा सामेल भएका शिक्षकहरूले कक्षाको अन्तरक्रियामा विद्यार्थीको सक्रियता बढ्ने कुरा बताएका छन् । अन्तर्वार्तामा सहभागी शिक्षक 'क' ले 'विद्यार्थी उत्साहित नै हुन्छन् । अब के गर्ने भन्ने, कसो गर्ने, अर्काले के गर्दै छ भन्ने कुरामा उनीहरू बढी जिज्ञासु पनि हुन्छन्' भनेका छन् । यस भनाइले कक्षा अन्तरक्रियामा विद्यार्थीको सहभागिता बढ्ने बताएको छ । शिक्षक 'ख' ले 'विद्यार्थीहरू चाहिँ परम्परागत शिक्षणमाभन्दा अन्तरक्रियात्मक क्रियाकलापमा अलिक बढी उत्साहित भएको चाहिँ पाए मैले' भन्ने धारणा राखेका छन् । यसले व्याख्यान विधिको प्रयोगभन्दा पनि अन्तरक्रियात्मक क्रियाकलापमा विद्यार्थीको रूचि बढेको कुरालाई सङ्केत गरेको छ । शिक्षक 'ग' ले 'मेरो आन्तरिक अनुभवमा अन्तर विद्यालय स्तरीय प्रतियोगिता, लेख्य निबन्ध प्रतियोगिता, कविता वाचन, वक्तृत्वकलालगायतका कार्यक्रममा विद्यार्थीको सहभागिता बढेको छ । विद्यार्थीहरूले राम्रै प्रस्तुति दिएर कतिपय अवस्थामा पुरस्कृत नै हुने गरेका पनि छन्' भन्ने विचार राखेका छन् । यस भनाइले विद्यार्थीहरूको सिर्जनशील क्रियाकलाप तथा कार्यक्रमको सहभागितामा कक्षा अन्तरक्रियाको प्रभाव रहेको देखाएको छ । सहभागी शिक्षक 'घ' ले 'कक्षामा अन्तरक्रिया विधिको प्रयोग गर्दा विद्यार्थीहरू सक्रिय र उत्साहित नै हुन्छन् किनभने आफ्ना कुराहरू अन्तरकियाका माध्यमले प्रस्तुत गर्न पाइने भएकाले पनि उनीहरूको सकियता बढ्छ' भनेका छन् । त्यस्तै शिक्षक 'ङ' ले 'यो विधि साच्चीकै सहज रूपमा मन पराउँछन् । उनीहरू कुराकानी गर्न, अन्तरक्रियामा सहभागी हुन उत्साहित भएको देखिन्छ' भन्ने विचार राखेका छन् । शिक्षक घ र ङ को विचारले पनि कक्षा अन्तरक्रियाले विद्यार्थीको सहभागिता बढाएको कुरा बताएको छ । अन्तरक्रियात्मक कक्षामा विद्यार्थीहरू सकिय हुने, उत्साहित हुने गरेको अधिकांश शिक्षकले बताएका छन् । शिक्षकहरूले सक्रिय सहभागिता र संवादलाई भाषिक सिप सुधारको प्रमुख कारक मानेका छन् । विद्यार्थीहरू प्रश्न गर्छन्, विचार राख्छन्, छलफलमा संलग्न हुन्छन् । त्यसैले उनीहरूमा बोल्ने क्षमता, शब्द प्रयोग, धारणा निर्माणजस्ता मौखिक सिपमा पनि प्रगति छ भन्ने शिक्षकहरूको बुझाइ रहेको छ । शिक्षक ग ले विद्यालयस्तरीय प्रतियोगिताहरूमा विद्यार्थीको बढ्दो सहभागिता र सफलताको उदाहरण दिएका छन् । यसले अन्तरक्रियात्मक क्रियाकलापले कक्षाकोठाबाहिर पनि विद्यार्थीमा आत्मविश्वास र प्रतिस्पर्धात्मक भावना विकास गरेको देखाउँछ । शिक्षकहरूको भनाइले कक्षाकोठाको अन्तरक्रियात्मक अभ्यासमा विद्यार्थीको सहभागिता र सक्रियतालाई विभिन्न दृष्टिकोणबाट व्याख्या गरेको देखिन्छ । सबै शिक्षकहरूको भनाइको मुख्य सार विद्यार्थीहरू परम्परागत शिक्षण विधिभन्दा अन्तरक्रियात्मक क्रियाकलापमा अत्यधिक उत्साहित र जिज्ञासु हुन्छन् भन्ने नै हो । विद्यार्थीहरू नयाँ कुरा सिक्न, के भइरहेको छ भन्ने जान्न र आफ्ना कुराहरू प्रस्तुत गर्नमा बढी रुचि राख्छन् । जब विद्यार्थीले आफ्ना कुरा राख्ने अवसर पाउँछन्, तब उनीहरू निष्क्रिय श्रोता मात्र नभई सक्रिय सहभागी बन्छन् ।

शिक्षकको अनुभवलाई पूर्व अध्ययनका निष्कर्षसँग तुलना गर्दा केही समानता र भिन्नताहरू पनि देखा पर्दछन् । शिक्षकहरूको भनाइ 'विद्यार्थी उत्साहित र जिज्ञासु हुन्छन्' ले वाल्स (सन् २०११) को निष्कर्षलाई समर्थन गर्छ । किनभने यसमा उनले समूह छलफलले विद्यार्थीलाई सक्रिय बनाउने कुरामा जोड दिएका छन् । यो प्राप्तिले अन्तरक्रियात्मक विधिहरूले विद्यार्थीको सक्रियता बढाउने तथ्यलाई पुष्टि गरेको देखिन्छ । शिक्षक घ को भनाइमा रहेको 'आफ्ना कुराहरू अन्तरक्रियाका माध्यमले प्रस्तुत गर्न पाइने' भन्ने कुराले ब्राउन र ली (सन् २०१५) को निष्कर्षलाई समेटेको छ । उनीहरूका अनुसार विद्यार्थीकेन्द्रित गतिविधिले सञ्चार सिपलाई बलियो बनाउँछ । विद्यार्थीहरूलाई बोल्न, छलफल गर्न र आफ्ना विचार व्यक्त गर्न दिँदा उनीहरूको सञ्चार सिपमा सुधार आएको देखिन्छ । शिक्षकहरूको अनुभव 'विद्यार्थी अन्तरक्रियामा सहभागी हुन उत्साहित हुन्छन्' ले ब्रुनर (सन् १९८३) को 'डिस्कभरी लर्निङ' सिद्धान्तसँग सम्बन्ध राख्छ । यस सिद्धान्तअनुसार विद्यार्थीले

जब आफैं कुरा पत्ता लगाउँछन् वा सिकाइमा सक्रिय हुन्छन्, तब उनीहरूमा आन्तरिक अभिप्रेरणा बढ्छ । शिक्षकको अनुभवले पनि यो कुरालाई प्रमाणित गरेको छ । पूर्व अध्येताहरूले भूमिका निर्वाह, वादविवाद तथा परियोजना कार्यजस्ता विशिष्ट विधिहरूको कुरा गरेका छन् (ब्राउन र ली, सन् २०१५) । तर शिक्षकहरूको भनाइमा यी विधिहरूको प्रत्यक्ष उल्लेख भएको छैन । शिक्षकहरूले 'अन्तरक्रियात्मक क्रियाकलाप' भनेर सामान्य रूपमा मात्रै विचार राखेका छन्, यसले विधागत रूपमा नेपाली शिक्षण गर्दा अपनाइने विधिहरूमा विविधताको कमी भएको संकेत गर्छ । इलिस (सन् २००३) ले वास्तविक जीवनसँग नजिकको भाषा प्रयोग गर्ने अवसरको कुरा गरेका छन् । शिक्षकका भनाइमा विद्यार्थीको उत्साह बढेको देखिए पनि उनीहरूले प्रयोग गर्ने भाषा वास्तविक जीवनसँग कति जोडिएको छ भन्ने कुरा शिक्षकको भनाइमा स्पष्ट छैन । लङ (सन् १९९६) र जोन्सन (सन् २०१६) को निष्कर्षले क्रमशः अनिवार्य अन्तरक्रिया र सहकार्यात्मक समस्या समाधानको कुरा गरेका छन् । शिक्षकको भनाइले विद्यार्थीको सामान्य उत्साहको कुरा मात्रै उठाएको छ । उनीहरूले कुनै जटिल समस्या समाधानका लागि विद्यार्थीहरू सामूहिक रूपमा काम गर्न कत्तिको सक्रिय छन् भन्ने कुरा स्पष्ट गर्न सकेका छैनन् । उनीहरूले सामान्य अनुभव मात्रै व्यक्त गरेका छन् । यसरी हेर्दा, नेपाली शिक्षण प्रणाली अझै पनि परम्परागत शिक्षणमा आधारित छ, जसले गर्दा अन्तरक्रियात्मक कक्षाको सही प्रयोग अझै पनि कमै मात्रामा भएको बुझिन्छ । भिगोत्स्की (सन् १९७८) का अनुसार ज्ञान सामाजिक अन्तरक्रियाबाट निर्माण हुन्छ । बालबालिकाले सामाजिक वातावरणमा वयस्क वा अनुभवी साथीहरूसँगको अन्तरक्रियाबाटै सिक्छन् । शिक्षकहरूको अनुभवले भिगोत्स्कीको सिद्धान्तलाई प्रत्यक्ष रूपमा समर्थन गरेको छ । विद्यार्थीहरू समूहमा छलफल गर्छन्, उनीहरू एक-अर्काबाट सिक्छन् । यसले उनीहरूको 'जोन अफ प्रोक्सिमल डेभलपमेन्ट' लाई विस्तार गर्छ । शिक्षकले अन्तरक्रियाका माध्यमले विद्यार्थीलाई मार्गदर्शन गर्छन्, त्यसैकारण विद्यार्थीले एक्लै गर्न नसक्ने काम पनि गर्न सक्छन् । यसले विद्यार्थीको सक्रियता र सिकाइमा सकारात्मक प्रभाव पार्छ । विद्यार्थीहरू अन्तरक्रियात्मक क्रियाकलापमा अत्यधिक सक्रिय र उत्साहित हुन्छन् । शिक्षकहरूले अन्तरक्रियात्मक अभ्यासले विद्यार्थीको जिज्ञासा, आत्मविश्वास र सञ्चार सिप बढाएको अनुभव गरेका छन् । शिक्षकको अनुभवले विद्यार्थीको सक्रियता र सञ्चार सिप बढ्ने पूर्व अध्ययनका निष्कर्षहरूलाई समर्थन गरेको छ ।

**अन्तरक्रियामा शिक्षकको भूमिका**

अन्तर्वार्तामा सामेल भएका शिक्षकहरूले कक्षाको अन्तरक्रियामा शिक्षकको भूमिका महत्वपूर्ण हुने कुरा स्वीकार गरेका छन् । यसै सन्दर्भमा अन्तर्वार्तामा सहभागी शिक्षक क ले 'कक्षाकोठामा अन्तरक्रियात्मक विधिको प्रभावकारिताका लागि शिक्षकको अहम् भूमिका हुन्छ । विशेष गरेर एउटा मियोका रूपमा शिक्षक रहनुपर्छ । विद्यार्थीहरू विषयवस्तु वा प्रसङ्गबाट बाहिर जान सक्छन् । उनीहरूलाई विषयवस्तुभित्र ल्याउन शिक्षकले नै कक्षामा सकारात्मक भूमिका खेल्नुपर्छ' भनेका छन् । सहभागी शिक्षक ख ले 'कक्षाकोठामा विद्यार्थीहरूमा पनि कुनै कुरा सिकौँ भन्ने भाव जनाउन सक्ने सामर्थ्य र सिप पनि शिक्षकमा हुनुपर्छ । शिक्षकको क्रियाशील भूमिका आवश्यक छ' भन्ने विचार राखेका छन् । त्यसैगरी शिक्षक ग ले 'शिक्षकले आफ्नो पेसागत जिम्मेवारी पूरा गर्नुपर्छ । हरेक शिक्षकले इमान्दार भएर आफ्नो जिम्मेवारी पूरा गर्ने हो भने शिक्षामा केही न केही सुधार अवश्य हुन्छ ' भनेर शिक्षकको भूमिकाप्रतिको विचार राखेका छन् । सहभागी शिक्षक घ ले 'कक्षाकोठामा अन्तरक्रियात्मक विधिको प्रभावकारिताका लागि शिक्षकको भूमिका चाहिँ कक्षामा सिकाइका लागि सहज वातावरण निर्माण गर्ने नै हुन्छ ' भनेका छन् । शिक्षक ङ ले भने, 'कक्षामा अन्तरक्रिया विधिको प्रभावकारिता बढाउन शिक्षक नलागिकन हुँदैन । विद्यार्थीसँगको अन्तरक्रियालाई व्यवस्थित बनाउन शिक्षकको भूमिका अपरिहार्य नै छ ।' यसरी शिक्षकहरूको अनुभव र अभिव्यक्तिले अन्तरक्रियात्मक शिक्षणमा शिक्षकको भूमिका अत्यन्तै महत्वपूर्ण, बहुआयमिक, सक्रिय तथा सकारात्मक हुनुपर्छ भन्ने देखिन्छ । अन्तर्वार्ताका क्रममा शिक्षकहरूले शिक्षकको भूमिका मागर्दशक, सहजकर्ता, संयोजक तथा एउटा मियोका रूपमा वर्णन गरेका

छन् । शिक्षकहरूले कक्षा अन्तरक्रियामा केन्द्रबिन्दु (मियो) का रूपमा काम गर्नुपर्ने विचार राखेका छन् । शिक्षकले विद्यार्थीलाई विषयवस्तुबाट बाहिर जानबाट रोक्ने र सही मार्गमा ल्याउने काम गर्छन् । उनीहरूले अन्तरक्रियाको प्रभावकारिताका लागि सकारात्मक र सहज वातावरण निर्माण गर्नु आफ्नो मुख्य भूमिका भएको बताएका छन् । उनीहरूका भनाइअनुसार शिक्षकको सक्रिय सहभागिता बिना अन्तरक्रिया सहज र व्यवस्थित हुन सक्दैन । साथै उनीहरूको भनाइले विद्यार्थीलाई कुनै कुरा सिक्नका लागि प्रेरित गर्ने भूमिकालाई देखाउँछ । यसले शिक्षकलाई ज्ञान दिने व्यक्ति मात्र नभई प्रेरणाको स्रोतका रूपमा पनि चित्रण गरेको छ ।

शिक्षक घ को भनाइ 'सहज वातावरण निर्माण गर्ने' ले ब्रुनर (सन् १९८३) र जोन्सन (सन् २०१६) को निष्कर्षसँग सम्बन्ध राखेको छ । उनीहरूका भनाइअनुसार शिक्षकको भूमिका सहजकर्ताको हुन्छ, जसले विद्यार्थीलाई सिक्नको लागि अनुकूल वातावरण सिर्जना गर्छ । शिक्षक क को भनाइ 'विद्यार्थीलाई विषयवस्तुभित्र ल्याउन' ले भिगोत्स्कीको 'स्कापफोल्डिङ' को अवधारणालाई समर्थन गरेको छ । यसअनुसार शिक्षकले विद्यार्थीलाई आवश्यक पर्दा मार्गदर्शन गरेर उनीहरूलाई सिक्ने प्रक्रियामा मद्दत गर्नुपर्छ । त्यसैगरी अन्तरक्रियालाई व्यवस्थित बनाउन शिक्षकले प्रोत्साहित गर्नुपर्छ भन्ने कुरा लङ (सन् १९९६) को 'अनिवार्य अन्तरक्रिया' अनि ब्राउन र ली (सन् २०१५) को निष्कर्षसँग नजिक देखिन्छ । यसमा शिक्षकले विद्यार्थीहरूलाई अन्तरक्रियामा सहभागी हुन प्रोत्साहित गर्दै यसलाई व्यवस्थित बनाउने भूमिका खेल्छन् भन्ने कुरा उल्लेख गरिएको छ । इलिस (सन् २००३) ले शिक्षकले कार्यमा आधारित अन्तरक्रियात्मक गतिविधिलाई डिजाइन गर्नुपर्ने कुरामा जोड दिएका छन् । शिक्षकहरूको भनाइमा त्यस्ता विशिष्ट क्रियाकलापहरू तयार गर्ने कुरा उल्लेख भएको छैन । उनीहरूको भूमिका सामान्य वातावरण निर्माणमा मात्रै सीमित देखिन्छ । ब्रुनर (सन् १९८३) ले विद्यार्थीमा खोज र स्वायत्ततालाई प्रोत्साहन गर्ने कुरा गरेका छन् । शिक्षकको भनाइमा उनीहरूले विद्यार्थीलाई विषयको सही बाटोमा ल्याउने कुरा गरेका छन्, जसले शिक्षकको नियन्त्रण बढी र विद्यार्थीको स्वायत्तता कम हुनसक्ने संकेत गरेको छ । उनीहरूले मुख्य भूमिकालाई मात्रै व्यक्त गरेका छन् । त्यसैले उनीहरूका भनाइमा सबै पक्ष समेट्न सकेको देखिदैन । शिक्षक अझै पनि ज्ञानको स्रोत र नियन्त्रकको भूमिकामा रहने परम्परागत धारणा हावी भएको हुनसक्छ । भिगोत्स्कीको सामाजिक-सांस्कृतिक सिद्धान्तअनुसार शिक्षकको भूमिका विद्यार्थीको संज्ञानात्मक विकासका लागि अपरिहार्य हुन्छ । शिक्षकको मुख्य भूमिका अधिक ज्ञानी अर्को व्यक्ति (मोर नलेजेबेल ओदर्स) को हुन्छ । शिक्षकले विद्यार्थीको जोन अफ प्रोक्सिमल डेभलभमेन्टमा काम गर्न सहयोग गर्छन् । शिक्षकहरूको अनुभवले यो सिद्धान्तलाई पूर्ण रूपमा समर्थन गर्छ । उनीहरूले आफूलाई मियो, सहज वातावरण निर्माण गर्ने र विद्यार्थीलाई विषयवस्तुभित्र ल्याउने व्यक्तिको रूपमा व्याख्या गरेका छन् । यो कुरा भिगोत्स्कीको मार्गदर्शकको भूमिका पनि हो । शिक्षकहरूले आफूलाई अन्तरक्रियालाई नियन्त्रण गर्ने र मार्गदर्शन गर्ने व्यक्तिको रूपमा देखेका छन् । उनीहरूले विद्यार्थीलाई विषयवस्तुबाट बाहिर जानबाट रोक्ने जिम्मेवारी आफ्नो रहेको बताएका छन् । अन्तरक्रियाका लागि सकारात्मक र सहज वातावरण निर्माण गर्नु आफ्नो मुख्य जिम्मेवारी शिक्षकको मानेका छन् । यसरी समग्रमा हेर्दा, अन्तरक्रियात्मक शिक्षणमा शिक्षकको भूमिका केवल जानकारी दिने व्यक्तिमा सीमित नभइ सहजकर्ता, प्रेरक, संवादको सन्तुलक, सहयोगीका रूपमा प्रकट हुन्छ । कक्षामा हुने अन्तरक्रियाका लागि शिक्षकको भूमिका सिकाइका लागि बाटो देखाउने, कक्षामा सिकाइ वातावरण निर्माण गर्ने, समस्या समाधानार्थ योजनाबद्ध ढङ्गले प्रस्तुत हुने, सहजकर्ता, सहयोगीका रूपमा हुनुपर्छ । शिक्षकहरूकै सकारात्मक, सक्रिय भूमिका तथा कौशलले सिकाइ वातावरणको स्वरूप, विद्यार्थीको सहभागिता र अन्तरक्रियाको गुणस्तर निर्धारण गर्नसमेत सहयोग गर्दछ ।

**भाषिक सिप सुधार**

अन्तर्वार्तामा सामेल भएका शिक्षकहरूले भाषिक सिप विकासमा अन्तरक्रियाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भन्ने कुरा बताएका छन् । यसै सन्दर्भमा शिक्षक क ले 'विद्यार्थीहरू विभिन्न भाषिक पृष्ठभूमिबाट आएका हुन्छन् । विशेष गरी यस क्षेत्रमा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा पढ्ने विद्यार्थी

छन् । यस्तो समस्यालाई सहजीकरण गर्दै मैले कक्षामा भाषिक सिप विकासका क्रियाकलाप गराउने गरेको छु । उनीहरूमा सुधार पनि देखिएको छ' भनेका छन् । सहभागी शिक्षक ख ले 'हाम्रो विद्यालयमा चाहिँ बहुभाषिक पृष्ठभूमि, विमातृभाषी विद्यार्थीको बाहुल्यता छ । त्यस्ता विद्यार्थीहरूले चाहिँ नेपाली भाषा लेख्न, बोल्न कठिनाइ मानेको महसुस गरेको छु । त्यसैले भाषिक सिप विकासका लागि विभिन्न क्रियाकलाप गराउनुपर्छ । भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये पनि बोलाइ, लेखाइ जस्ता अभिव्यक्ति सिप विकासका लागि अन्तरक्रिया विधि प्रभावकारी छ' भन्ने विचार राखेका छन् ।

शिक्षक ग ले 'भाषिक सिप विकासका लागि अन्तरक्रियात्मक विधि त एकदमै महत्वपूर्ण नै छ । कक्षाको अन्तरक्रिया, छलफल आदिले विद्यार्थीमा सुधार भएको देख्न सकिन्छ' भनेका छन् । यसैगरी शिक्षक 'घ' ले 'अवश्य नै अन्तरक्रियात्मक कार्यकलापले भाषिक सिपको विकास भएकै छ । अन्तरक्रियात्मक कार्यमा प्रत्यक्ष रूपमा बोलाइ ज्यादा हुने भएकाले यसले बोलाइ सिप, विद्यार्थीको ज्ञानको दायारा बढाउने र बुझाइ बढ्ने हुन्छ भने त्यो कुरा उनीहरूको लेखाइमा पनि झल्कन्छ' भन्ने मत राखेका छन् । शिक्षक ङ ले 'विद्यार्थीको भाषिक सिपमा स्वतः परिवर्तन छ । विद्यार्थीहरू नहिच्किच्याइँ आफ्ना धारणाहरू राख्छन् । अतिरिक्त क्रियाकलापका वादविवाद, श्रुतिलेखन जस्ता कार्यक्रममा पनि सहभागी बनेको पाएको छु' भनेका छन् । कक्षामा हुने अन्तरक्रियात्मक गतिविधिमा विद्यार्थीहरूलाई सहभागी गराउँदा विद्यार्थीको भाषिक सिप पनि विकास हुन्छ भन्ने कुरामा शिक्षकहरूको मत रहेको छ । शिक्षकहरूको अनुभव तथा अभिव्यक्तिअनुसार कक्षाकोठामा प्रयोग गरिने अन्तरक्रियात्मक विधिका कारण विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप विकासमा सकारात्मक प्रभाव पार्ने देखिन्छ । उनीहरूका बुझाइमा विशेषतः उत्पादक सिपहरू (बोलाइ तथा लेखाइ) मा उल्लेखनीय सुधार देखिएको दाबी छ । यी अभिव्यक्तिहरूलाई सैद्धान्तिक दृष्टिकोणसँग तुलना गरी विश्लेषण गर्दा पनि यसको सशक्त पुष्टि पनि हुन्छ ।

शिक्षकहरूको भनाइबाट कक्षा अन्तरक्रियाले विद्यार्थीको भाषिक सिप विकासमा सकारात्मक प्रभाव पारेको छ । शिक्षकहरूले विद्यार्थीहरू विभिन्न भाषिक पृष्ठभूमिबाट विद्यालयमा आएका कारण उनीहरूलाई नेपाली भाषा सिक्न कठिनाइ हुने गरेको बताएका छन् । अन्तरक्रियात्मक विधिले यस्तो समस्यालाई सहज बनाउन मद्दत गरेको उनीहरूको अनुभव छ । उनीहरूको भनाइअनुसार अन्तरक्रियात्मक क्रियाकलापहरू ( जस्तैः छलफल, वादविवाद) ले विशेष गरी बोलाइ, लेखाइ जस्ता अभिव्यक्ति सिपहरूमा सुधार ल्याउँछ । अन्तरक्रियात्मक गतिविधिमा सहभागी हुँदा विद्यार्थीहरूमा आफ्ना विचारहरू नहिच्किच्याई राख्ने बानीको विकास भएको शिक्षकहरूले बताएका छन् । यसले उनीहरूको आत्मविश्वास बढाएको देखिन्छ । अन्तरक्रियात्मक कार्यले विद्यार्थीको ज्ञानको दायरा बढाउँछ र उनीहरूको बुझाइलाई स्पष्ट बनाउँछ । शिक्षकहरूको अनुभवमा अन्तरक्रियाले समग्र भाषिक सिपमा सुधार ल्याएको कुरालाई पुष्टि गर्छ । यो कुरा ब्राउन र ली (सन् २०१५) को निष्कर्षसँग प्रत्यक्ष रूपमा मेल खान्छ । यसले विद्यार्थीकेन्द्रित गतिविधिले सञ्चार सिपलाई बलियो बनाउने कुरामा जोड दिएको छ । शिक्षकको भनाइमा देखिएको बोलाइ ज्यादा हुने भन्ने कुराले लङ (सन् १९९६) को 'अनिवार्य अन्तरक्रिया' को अवधारणालाई समर्थन गर्छ । जब विद्यार्थीहरूलाई बोल्न प्रोत्साहित गरिन्छ, तब उनीहरूले भाषाको सक्रिय प्रयोग गर्छन् । शिक्षक घ को 'अनुभव, बुझाइ बढ्ने' भन्ने कुराले ब्रुनर (सन् १९८३) को 'खोज शिक्षण' सिद्धान्तसँग पनि सम्बन्ध राखेको देखिन्छ । अन्तरक्रियात्मक अभ्यासले विद्यार्थीलाई नयाँ कुरा पत्ता लगाउन र आफ्नो ज्ञानको दायरा बढाउन मद्दत गर्छ । इलिस (सन् २००३) ले वास्तविक जीवनसँग नजिकको भाषा प्रयोग गर्ने अवसर को कुरा गरेका छन् । शिक्षकहरूले भाषिक सिपमा सुधार आएको बताए पनि उनीहरूले प्रयोग गर्ने भाषा कक्षाकोठामा मात्र सीमित छ कि वास्तविक जीवनसँग जोडिएको छ भन्ने कुरा स्पष्ट छैन । वाल्स (सन् २०११) र जोन्सन (सन् २०१६) ले भनेका समूह छलफल र सहकार्यात्मक समस्या समाधानजस्ता विशिष्ट गतिविधिहरूले कसरी भाषिक सिपमा सुधार ल्याए भन्ने कुरा शिक्षकको भनाइमा स्पष्ट छैन । शिक्षकहरूको भनाइमा सबै पक्ष समेट्न सकेको छैन । उनीहरूले

समग्र अनुभवलाई मात्रै व्यक्त गरेका छन् । कक्षाको शिक्षण पाठ्यपुस्तकमा आधारित भएकाले वास्तविक जीवनसँग जोडिएको भाषा प्रयोग गर्ने अवसर कम हुन सक्छ । भिगोत्स्कीको सामाजिक-सांस्कृतिक सिद्धान्तअनुसार, भाषा र सोचको विकास सामाजिक अन्तरक्रियाबाट हुन्छ । शिक्षकको अनुभवले यो सिद्धान्तलाई पूर्ण रूपमा समर्थन गरेको छ । विद्यार्थीहरूले एक-अर्कासँग कुराकानी गर्छन्, तब उनीहरू नयाँ शब्द, वाक्य र विचारहरू सिक्छन् । यो सामाजिक अन्तरक्रिया नै भाषिक सिप विकासको आधार हो । बहुभाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई नेपाली भाषा सिक्न कठिनाइ हुने समस्यालाई अन्तरक्रियाले समाधान गर्छ । यो निकटतम विकासको क्षेत्र (जोन अफ प्रोक्सिमल डेभलभमेन्ट) को अवधारणा हो, जहाँ एक अनुभवी साथी वा शिक्षकको सहयोगले विद्यार्थीले आफ्नो भाषिक सिपको स्तरमा सुधार गर्न सक्छन् । विद्यार्थीहरूमा आफ्ना विचारहरू नहिच्किच्याई राख्ने आत्मविश्वास बढेको देखिन्छ, जसले उनीहरूको भाषिक अभिव्यक्तिलाई सहज बनाएको छ । शिक्षकहरूले भाषिक समस्या भएका विद्यार्थीहरूलाई सहजीकरण गर्न अन्तरक्रियालाई एक प्रभावकारी विधिको रूपमा स्वीकार गरेका छन् । अन्तरक्रियात्मक क्रियाकलापहरूले सिकाइका लागि स्थायी आधारका रूपमा काम गर्छन् । यसरी शिक्षकका अनुभव र सैद्धान्तिक आधारहरूले के बुझाउँछ भने अन्तरक्रियात्मक विधिले विद्यार्थीको भाषिक सिप विकासमा अहम् भूमिका निर्वाह गरेको हुन्छ । यसले विशेषतः बोलाइ र लेखाइ सिपको सुधारमा प्रभाव पारेको हुन्छ ।

विद्यालयमा विभिन्न भाषिक पृष्ठभूमिबाट पढ्न आएका विद्यार्थीलाई अन्तरकियात्मक कियाकलापमा सामेल गराउन सके सुन्ने, बोल्ने, पढ्ने, लेख्ने जस्ता भाषिक सिपमा सुधार ल्याउन सकिन्छ । नतिजाले कक्षा अन्तरकियामा शिक्षकको सकिय, लचिलो र बहुआयमिक भूमिकालाई प्रस्तुत गरेको छ । संवाद सुरू गर्नु, स्केपफोल्डिङ दिनु, प्रतिकिया दिनु, सहभागिता तथा संलग्नताको व्यवस्थापन गर्नु शिक्षकको भूमिका हो । शिक्षकहरूले कक्षाकोठाको अन्तरक्रियालाई सामान्य रूपमा प्रश्नोत्तर, छलफल, समूह गतिविधि, विद्यार्थी विद्यार्थी संवाद, शिक्षक विद्यार्थी संवाद, प्रश्नोत्तर आदिका रूपमा बुझेका छन् । उनीहरूले छलफल, प्रश्नोत्तर, संवाद, परियोजना आदिजस्ता विधिलाई रमाइलो, सजिलो तथा प्रभावकारी हुने अनुभव बताएका छन् । यसले विद्यार्थी केन्द्रित सकिय शिक्षण विधिको प्रयोग सन्दर्भलाई पनि सङ्केत गरेको छ । यस्ता बुझाइहरू जोनसन (२०१६) को अन्तरकियालाई सामाजिक अभ्यासका रूपमा लिने दृष्टिकोणसँग मेल खान्छ । जसमा विद्यार्थीहरूको सकिय सहभागिता, आत्मविश्वास र समाजिक, भाषिक सिपको विकासलाई प्रमुख मानिएको छ । अध्ययनमा सहभागी शिक्षकहरूले अन्तरकियात्मक कक्षा निकै प्रभावकारी हुने मानेका छन् । शिक्षकको योजनाबद्ध सहयोगले विद्यार्थीको सिकाइ प्रकियालाई सहज र प्रभावकारी बनाउँछ । अन्तरकियात्मक विधिको प्रयोगमा प्रश्नोत्तर, समूह छलफल, संवाद जस्ता विधिहरू विशेष रूपमा प्रयोगमा आए यसले विद्यार्थीको सकियता र सहभागिता वृद्धि गराउँछ । संवादका लागि समय, मौका र प्रोत्साहन पाउने बित्तिकै विद्यार्थीहरूको सहभागिता र आत्मविश्वासमा समेत वृद्धि हुन्छ ।

## निष्कर्ष

कक्षाको अन्तरक्रियाले सिकाइ अनुभवहरू आदानप्रदान गर्ने भएकाले यस्ता विधि तथा क्रियाकलापलाई कक्षामा प्रयोग गर्न सके सिकाइ प्रभावकारी हुन्छ । अन्तर्वार्ता तथा विश्लेषणबाट शिक्षकहरूले अन्तरकियाको प्रयोग गर्ने गरेको पाइन्छ तर यसलाई नियमित, योजनाबद्ध तथा पर्याप्त गर्न नसकेको देखिन्छ । सीमित समय, विषयको प्रकृति, पाठको आकार, सामग्रीको उपलब्धता आदिले प्रभाव पारेको छ । कतिपय शिक्षकले संवाद सुरू गर्ने, प्रश्नोत्तर गराउने, समूहमा कार्य गराउने, बोल्न वा लेख्न लगाउने जस्ता गतिविधिहरूको अभ्यास गरेको भए तापनि यस्ता गतिविधिको सबै शिक्षकमा एक रूपता देखिदैंन । शिक्षकको सहयोग, विद्यार्थीको सकिय सहभागिता, योजनाबद्ध अन्तरक्रियात्मक गतिविधि, विद्यार्थीको रुचि, क्षमता, आवश्यकताअनुसारको कियाकलापले भाषा सिकाइको प्रकिया सहज हुन्छ । संवाद सुरू गर्ने तरिका, सुधारात्मक प्रतिकिया, प्रेरणा, अन्तरकियाको प्रवाह, व्यवस्थापन, व्यवहार, भूमिका आदिजस्ता पक्षले विद्यार्थीको बोल्ने, लेख्ने तथा अन्य

भाषिक सिप विकासमा सकारात्मक प्रभाव पार्दछ । कक्षा अन्तरक्रिया एक महत्वपूर्ण शैक्षिक अभ्यासको रूपमा रहेको छ । शिक्षकहरूले अन्तरक्रियाको महत्वलाई स्वीकार गरेका छन् र यसले विद्यार्थीको सक्रियता, उत्साह र भाषिक सिप विकासका मद्दत गरेको अनुभव प्राप्त भएको छ । कक्षाको अन्तरक्रियात्मक अभ्यासले विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउँछ । उनीहरूको आत्मविश्वास बढाउँछ । अन्तरक्रियालाई व्यवस्थित गर्न शिक्षक मार्गदर्शक र सहजकर्ताको रूपमा रहनुपर्छ । विद्यार्थीका लागि सिक्ने अनुकूल वातावरण तयार गर्न सक्नुपर्छ । कक्षाको अन्तरक्रियालाई अभ्यास, प्रश्नोत्तर र सामान्य छलफलमा मात्र सीमित नराखी नेपाली भाषा शिक्षणका क्रममा परियोजना कार्य, भूमिका निर्वाह, संवाद, कुराकानी, घटना वर्णन, समीक्षा, व्याख्या जस्ता विविध पक्षका क्रियाकलापमा पनि अन्तरक्रियात्मक विधिहरूको प्रयोग गर्न सकिन्छ । शिक्षकको मार्गदर्शनमा विद्यार्थीहरूले एक-अर्कासँगको अन्तरक्रियाबाट नयाँ ज्ञान सिक्न सक्छन् । यसले विद्यार्थीको सिकाइमा सकारात्मक परिणाम पनि दिएको छ । कक्षाकोठामा हुने प्रभावकारी अन्तरक्रियाले विद्यार्थीको संलग्नता, प्रेरणा र समझलाई बढावा दिन्छ र यसले शैक्षिक रणनीतिहरू तयार गरी सिकाइ परिणाम सुधार गर्न सहयोग गरेको छ ।

## सन्दर्भग्रन्थ सामग्री


Acharya, L. (2024). नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तरक्रिया [unpublished doctoral dissertation]. Graduate School of Education, Facult of Education, Tribhuvan University.

Allwright, R. (1984). The importance of interaction in classroom language learning. *Applied Linguistics, 5,156*-171. http://dx.doi.org.10.1093/applin/5.2.156

Brown, H. D., & Lee, H. (2015). *Teaching by principles: An interactive approach to language pedagogy* (4th ed.). Pearson Education.

Bruner, J.S. (1983). *Child's talk: Learning to use language.* Oxford University Press.

Ellis, R. (2003). Task –based language learning and teaching. Oxford University Press.

Hanum, N. S. (2017, June). The importance of classroom interaction in the teaching of reading in junior high school. In *Prosiding Seminar Nasional Mahasiswa Kerjasama Direktorat Jenderal Guru dan Tenaga Kependidikan Kemendikbud 2016*.

Johnson, K. E. (2000). *Understanding communication in second language classrooms* (p. 12). Beijing: Foreign language Teaching and Research Press.

Kumpulainen, K., & Wray, D. (2002). *Classroom interaction and social learning: From Theory to Practice. Routledgefalmer*. New York.

Long, M.H. (1996). The role of the lingusistic environment in second language acquisition. In W.C. Ritchie & T.K. Bhatia (Eds.), *Handbook of second language acquisition* (pp.413-468). Academic press.

Mercer, N., & Dawes, L. (2014). The study of talk between teachers and students: An overview. *Oxford Review of Education, 40*(4), 430-445.

Walsh, S. (2011). *Exploring Classroom discourse: Language in action.* Routledge

Vygotsky, L.S. (1978). *Mind in society: The development of higher psychological processes.* Harvard University Press.


**लेखक**

**दिलबहादुर परियार** सौंठा बहुमुखी क्याम्पसको सहायक प्राध्यापक हुनुहुन्छ । उहाँले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गर्नुभएको छ । हाल उहाँ नेपाल खुला विश्वविद्यालयबाट दर्शनाचार्य तहको अध्ययनमा संलग्न हुनुहुन्छ । उहाँको अध्ययनको रूचिको क्षेत्र कक्षा अन्तरक्रिया, नेपाली भाषा शिक्षण, नेपाली भाषा तथा साहित्यको अध्ययन रहेको छ ।